## सानिमा मिडिल तमोर हाइड्रोपावर लिमिटेड

(प. लि. द. नं. १४८७९६/०७२/७३)

वि.सं. २०८२ साल आश्विन २९ गते बुधबारका दिन कुण्डलिनी दरबार ब्याङ्क्वेट, चण्डोल, काठमाण्डौमा सम्पन्न भएको

**दशौं वार्षिक साधारण सभाको काम कारबाही तथा निर्णय विवरण पुस्तिका**

**Minutes of 10th Annual General Meeting**

### (१) पृष्ठभूमि

यस सानिमा मिडिल तमोर हाइड्रोपावर लिमिटेडको दशौं वार्षिक साधारण सभा मिति २०८२ साल आश्विन २९ गते (तदनुसार अक्टोबर १५, २०२५) बुधबारका दिन बिहान ११:०० बजे का. म. न. पा. ४, चण्डोल, काठमाण्डौ स्थित कुण्डलिनी दरबार ब्याङ्क्वेटमा सम्पन्न भएको थियो। वार्षिक साधारण सभाको अध्यक्षता कम्पनीको सञ्चालक समितिका अध्यक्ष श्री विनय कुमार श्रेष्ठज्यूले गर्नु भएको थियो । साधारण सभामा अध्यक्षज्यूले आफ्नो मन्तव्य सहित सञ्चालक समितिको तर्फबाट आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्नु भयो, भने कम्पनी व्यवस्थापन तर्फबाट यस कम्पनीद्वारा प्रवर्द्धित एवं सञ्चालित ताप्लेजुङ जिल्ला
अवस्थित ७३ मे.वा. जडित क्षमताको मध्य तमोर जलविद्युत आयोजनाको सञ्चालन अवस्था, मर्मत सम्भार, अन्य आवश्यक निर्माण कार्य, संस्थागत सामाजिक उत्तरदायित्व, वातावरण संरक्षण लगायतका सम्बन्धमा भए गरिएका कार्यहरू र कम्पनीको आर्थिक तथा वित्तीय अवस्थाका सम्बन्धमा श्रव्य-दृष्य (अडियो-भिडियो) मार्फत जानकारी गराइयो । तत्पश्चात साधारण सभामा पेश गरिएका निर्धारित प्रस्ताव उपर छलफल गरी सबै प्रस्तावहरू सर्वसम्मतिले पारित गरियो । साधारण सभा बिहान ११:०० बजेबाट शुरू भई निर्धारित विषयसूची अनुसार छलफल तथा निर्णय गरी दिनको ०१:१५ बजे समापन भएको थियो ।

### (क) सभा सम्बन्धी सूचना

यस कम्पनीको सञ्चालक समितिको मिति २०८२ साल भाद्र ३० (तदनुसार १५ सेप्टेम्बर, २०२५) गते बसेको बैठकको निर्णयानुसार आयोजित कम्पनीको यस दशौं वार्षिक साधारण सभाको जानकारीका लागि मिति २०८२ भाद्र ३१ गतेको आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक र २०८२ आश्विन २० गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिकमा दोस्रो पटक कम्पनीको संक्षिप्त आर्थिक विवरण सहित सार्वजनिक सूचना प्रकाशित गरिएको थियो । साथै, उल्लिखित सूचना तथा जानकारी यस कम्पनीको वेवसाईट www.middletamor.com मा पनि राखिएको थियो ।

### (ख) उपस्थिति :

#### (अ) सञ्चालकहरूको उपस्थिति

| | |
|---|---|
| श्री विनय कुमार श्रेष्ठ | सञ्चालक/अध्यक्ष |
| श्री शिव कुमार बस्नेत<br>(प्रतिनिधि सानिमा माई हाइड्रोपावर लि.) | सञ्चालक |

Sanima Middle Tamor Hydropower Limited SMTHPL Kathmandu

| | |
|---|---|
| श्रीमती सुमना न्यौपाने<br>(प्रतिनिधि सानिमा हाइड्रोपावर लि.) | सञ्चालक |
| श्री विनोद ओझा | सञ्चालक |
| डा. भरत कुमार थापा | सञ्चालक |
| श्री सुशिल कुमार ओझा | सञ्चालक |
| श्री ब्रज भुषण चौधरी | स्वतन्त्र–सञ्चालक |

**(आ) कम्पनीका पदाधिकारीको उपस्थिति**

| | |
|---|---|
| श्री सुदिप रोका | महाप्रबन्धक |
| श्री बिशाल बन्जारा | कम्पनी सचिव |
| श्री मणि राज पोखरेल | आयोजना प्रबन्धक |
| श्री अर्विन्द्र श्रेष्ठ | प्रमुख प्रशासन, मानव संशाधन तथा वातावरण |
| श्री महेन्द्र प्रसाद यादव | प्लान्ट मेनेजर |
| श्री सुवास श्रेष्ठ | वित्त प्रमुख |

**(इ) विभिन्न निकायका पदाधिकारी/प्रतिनिधिको उपस्थिति :**

| | |
|---|---|
| श्री रश्मि रिजाल | प्रतिनिधि सानिमा क्यापिटल लि. |
| श्री सचेत लाल श्रेष्ठ | प्रतिनिधि, पी.एल. श्रेष्ठ एण्ड कम्पनी चार्टर्ड एकाउण्टेण्टस् |

**(ई) शेयरधनीहरूको उपस्थिति :**

| | |
|---|---|
| १. स्वयम् उपस्थित हुने शेयरधनीहरूको संख्या<br>(संस्थागत शेयरधनीहरूको प्रतिनिधि समेत) | - २१२ जना |
| २. प्रतिनिधि पत्र मार्फत उपस्थित हुने शेयरधनीहरूको संख्या | - ११३ जना |
| ३. जम्मा उपस्थित संख्या | - ३२५ जना |

**(ग) दशौं वार्षिक साधारण सभामा छलफलको लागि प्रस्ताव गरिएका विषयहरू:**

साधारण सभामा निम्न विषयहरूमा छलफल तथा निर्णयका लागि प्रस्तुत गरिएको थियो:

<u>छलफलका प्रस्तावहरू :</u>

१. कम्पनीको सञ्चालक समितिबाट प्रस्तुत दशौं वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

Sanima Middle Tamor Hydropower Limited SMTHPL Kathmandu

२. कम्पनीको आ.व. २०८१/०८२ को लेखापरीक्षण प्रतिवेदन सहित २०८२ आषाढ मसान्तसम्मको वित्तीय अवस्थाको विवरण, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, एवं तत् सम्बन्धी अनुसूचीहरू छलफल गरी पारित गर्ने ।

३. लेखापरीक्षण समितिले सिफारिस गरे बमोजिम आ.व. २०८२/०८३ को लागि लेखापरीक्षकको नियुक्ति गर्ने तथा पारिश्रमिक निर्धारण गर्ने ।

४. एक जना स्वतन्त्र सञ्चालकको नियुक्ति गर्ने ।

५. विविध

### (घ) गणपूरक संख्या तथा शेयर संख्याको प्रतिनिधित्व

| विवरण | कूल संख्या | स्वयम् उपस्थिति | प्रतिनिधि | जम्मा | उपस्थितिको प्रतिशत |
|---|---|---|---|---|---|
| शेयरधनी संख्या | २,२३,७५१ | २१२ | ११३ | ३२५ | ०.१५ |
| कम्पनीको शेयर संख्या | ३,३३,२५,००० | ३१,९३,१९९ | १,४७,५९,७०३ | १,७९,५२,९०२ | ५३.८७ |

## (२) सभाको वैधानिकता

(अ) यस कम्पनीको नियमावली र कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपुरक संख्या बाँडफाँड भएको कूल शेयर संख्याको ५० प्रतिशतभन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कूल शेयरधनीहरूमध्ये कम्तिमा ३ जना शेयरधनीहरू स्वयम् वा प्रतिनिधि मार्फत उपस्थिति हुनु पर्ने प्रावधान रहेको छ । त्यस बमोजिम कम्पनीको दशौं वार्षिक साधारण सभामा राखिएको शेयरधनीहरूको हाजिरी पुस्तिकामा स्वयम् तथा प्रतिनिधि मार्फत हाजिरी जनाउने शेयरधनीहरूको संख्या ३२५ भएको र कूल बाँडफाँड भएको ५३.८७ प्रतिशत शेयरको प्रतिनिधित्व भएको हुँदा कम्पनीको नियमावली तथा प्रचलित कानून बमोजिम साधारण सभाको लागि गणपुरक संख्या पुगेको र सभा वैधानिक भएको व्यहोरा सभा समक्ष जानकारी गराइयो ।

(आ) कम्पनीको नियमावलीमा व्यवस्था भए बमोजिम सभाको अध्यक्षता सञ्चालक समितिका अध्यक्ष श्री विनय कुमार श्रेष्ठज्यूले गर्नु भई, दशौं वार्षिक साधारण सभा शुरू गर्न अनुमति दिनु भए बमोजिम सभा सञ्चालन गरियो ।

## (३) सभा सञ्चालन तथा प्रस्ताव उपर छलफल :

साधारण सभाको कार्यक्रम सञ्चालन गर्न सभा-अध्यक्षज्यूबाट अनुमति प्राप्त भएपछि साधारण सभाका अध्यक्ष श्री विनय कुमार श्रेष्ठज्यूलाई कम्पनीको वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्न अनुरोध गरियो । तत् पश्चात् अध्यक्षज्यूले मन्तव्य सहित सञ्चालक समितिको तर्फबाट आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन अनुमोदनका लागि प्रस्तुत गर्नुभयो । साथै, कम्पनी व्यवस्थापनको तर्फबाट यस कम्पनीद्वारा प्रवर्द्धित एवं सञ्चालित ताप्लेजुङ जिल्लामा अवस्थित ७३ मे.वा. जडित क्षमताको मध्य तमोर जलविद्युत आयोजनाको सञ्चालन अवस्था, मर्मत सम्भार, अन्य आवश्यक निर्माण कार्य, संस्थागत सामाजिक उत्तरदायित्व, वातावरण संरक्षण लगायतका आयोजनाको विस्तृत

Middle Tamor Hydropower Limited SMTHPL Kathmandu

विवरण श्रव्य-दृष्य (अडियो-भिडियो) को माध्यमद्वारा शेयरधनीहरूलाई जानकारी गराइयो । प्रस्तुत प्रतिवेदन तथा शेयरधनीहरूलाई उपलब्ध गराईएको लेखापरीक्षण प्रतिवेदन सहितको २०८२ आषाढ मसान्त सम्मको वासलात तथा सोही मितिमा समाप्त भएको आ.व. २०८१/०८२ को वार्षिक नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण, तत् सम्बन्धी अनुसूचीहरू समेतमा आ-आफ्नो राय, प्रतिक्रिया तथा सुझाव दिन तथा सो सम्बन्धमा छलफल गर्न र आफ्नो मन्तव्य राख्न शेयरधनीहरूलाई अनुरोध गरियो । कम्पनीका निम्न शेयरधनीहरूले मन्तव्यका क्रममा व्यक्त गर्नु भएको राय, सुझाव तथा जिज्ञासाहरूको मुख्य अंश निम्न अनुसार रहेको छ :

**(अ) श्री डमरू बल्लभ घिमिरे**

यस सनिमा मिडिल तमोर हाइड्रोपावर लिमिटेड निजी जलविद्युत क्षेत्रको एक उत्कृष्ट तथा सुशासनमा सञ्चालित कम्पनी हो । आर्थिक वर्ष समाप्त भएको ३ महिना भित्रै वार्षिक साधारण सभा गर्नु भएकोमा धन्यवाद । यसबाट कम्पनिको वित्तीय विवरण उत्कृट रहेको छ भन्ने मान्दछु । कम्पनीको वार्षिक प्रतिवेदन तथा अध्यक्षको मन्तव्य बाट यस आ.व.मा लाभांश वितरण गर्न नसक्ने स्पष्ट भएको छ भने कम्पनीको भविष्य सम्भावनापूर्ण देखिन्छ । कम्पनीको निरन्तर प्रगति र सफलताको हार्दिक शुभकामना । धन्यवाद ।

**(आ) श्री सुदिप श्रेष्ठ**

वार्षिक प्रतिवेदनबाट कम्पनीले पूर्ण क्षमतामा विद्युत उत्पादन गर्न नपाएको देखियो । आगामी आ.व.मा पूर्ण रूपले सञ्चालन गर्न पाएमा हामी शेयरधनीहरूलाई चाँडै नै प्रतिफल प्रदान गर्ने आशा गर्दछु । नेपाल विद्युत प्राधिकरणको सहकार्यमा समयमै सवस्टेशन निर्माण गर्न सकिएको खण्डमा बढी विद्युत आपूर्ति गर्न सक्ने विश्वास लिएकोछु । यस सम्बन्धमा कम्पनीको सञ्चालक समिति, प्राविधिक तथा व्यवस्थापन पक्षले आगामी वर्षका लागि गर्ने रणनीति र विचार स्पष्ट पारिदिनुहुन अनुरोध गर्दछु । सहवित्तीय बैंकहरूबाट लिईएको कर्जा मध्ये उपभोग भएको, उपयोग हुन बाँकी, कर्जा भुक्तानी भएको र भुक्तानी हुन बाँकी कर्जा रकमहरू समेत स्पष्ट भयो । आगामी वर्ष साँवा, ब्याज भुक्तानी गर्नका लागि आम्दानी गर्ने सँगै शेयरधनीहरूलाई लाभांश वितरण समेत गरोस् भनी प्रतिफलको अपेक्षा गर्दछु ।

**(इ) श्री शत्रुधन श्रेष्ठ**

रन अफ रिभरमा अधारित यस मध्य तमोर जलविद्युत आयोजनाले धितोपत्र निष्काशन गरको छोटो अवधिमै आ.व. २०८१/०८२ मा आम्दानी राम्रो रहेको हुदाँ कम्पनी सुदृढ रहेको संकेत छ । सहवित्तीयकरण बैंकहरूबाट लिएको ऋृणको साँवा व्याज रकम भुक्तानी गरिरहेको कुरा थाहा भयो । कम्पनीको वित्तीय अवस्थाको समीक्षा गर्दा आगामी वर्षमा लाभांश वितरण गर्ने विषयमा म विश्वस्त छु । आउदै गरेको दिपावली र छठ पर्वको शुभकामना ।

**(ई) इन्द्र प्रसाद लामिछाने**

आर्थिक वर्ष समाप्त भएको पहिलो त्रैमास भित्र साधरण सभा सम्पन्न गर्नु भएकोमा धन्यवाद, यसले हामी शेयरधनीप्रति कम्पनीको सम्मान झल्काएको छ । कम्पनीको सक्षम प्रतिनिधिको सक्षम नेतृत्वप्रति मेरो पूर्ण विश्वास, साथ, सहयोग निरन्तर हुनेछ । यस साधारण सभाबाट नियुक्त हुन हुने

Sanima Middle Tamor Hydropower Limited SMTHPL Kathmandu

स्वतन्त्र सञ्चालकज्यूलाई अग्रिम बधाई दिँदै सफल कार्यकालको शुभकामना दिन चाहन्छु । कम्पनीको उत्तरोत्तर प्रगतिको शुभकामना ।

**(उ) श्री बैजुनाथ रौनियार**

कम्पनीले CARE-NP BB (Double B) रेटिङ्ग प्राप्त गरेको छ, जसले कम्पनीको वित्तीय अवस्था सुदृढ र विश्वसनीय रहेको संकेत गर्दछ । यस कारण, यस कम्पनीमा गरिएको लगानी शेयरधनीहरुका लागि सुरक्षित र हितकर देखिन्छ । नयाँ आयोजना विकासका लागि विशेष उद्देश्य कम्पनी मार्फत नयाँ आयोजनामा लगानी गर्ने तयारी सराहनीय कदम हो । संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत सञ्चालन गरिएका कार्यहरुको उच्च प्रशंसा गर्दै, यस्ता सकारात्मक गतिविधिहरुलाई निरन्तरता दिइने विश्वास व्यक्त गर्दछु । कम्पनीको उत्तरोत्तर प्रगति र दीर्घकालीन सफलताको शुभकामना व्यक्त गर्दछु ।

**(ऊ) श्री चन्द्र नारायण श्रेष्ठ**

यस कम्पनीको नवौं वार्षिक साधारण सभामा प्रस्तुत गरिएका सुझावहरुको प्रभावकारी कार्यान्वयन भएको देखिन्छ, अतः यस सकारात्मक अभ्यासलाई आगामी दिनहरुमा पनि निरन्तरता प्रदान गर्नु उचित रहनेछ । आयोजनाको मर्मत-सम्भार तथा निर्माण सम्बन्धी खर्च व्यवस्थित रुपमा व्यवस्थापन गरिएकोमा सराहना गर्दै, सोसँगै लाभांश वितरण गरिएको भए अझ राम्रो हुने थियो भन्ने अभिव्यक्ति राख्दै, आगामी वर्ष लाभांश वितरण हुनेछ भन्ने आशा व्यक्त गर्दछु ।

**(ऋ) श्री ब्रम्हदेव शाक्य**

नवौं वार्षिक साधारण सभा सम्पन्न भएको केवल १० महिनामै यस वार्षिक साधारण सभा आह्वान गरेकोमा धन्यवाद व्यक्त गर्दछु । यस कदमले कम्पनीको संस्थागत सुशासन चुस्त, दुरूस्त र सक्रिय रहेको पुष्टि गर्दछ । लेखापरीक्षकको पारिश्रमिक तथा नियुक्तिको प्रस्ताव अनुमोदन गर्दै, आगामी वर्ष लेखापरीक्षण प्रतिवेदन समयमै सम्पन्न गराउन सुझाव गर्दछु । साथै, कम्पनीको निरन्तर प्रगति हुँदै शेयरधनीहरुको हितअनुकूल लाभांश वितरण गर्न सक्ने सफलता प्राप्त होस् भन्ने हार्दिक शुभकामना व्यक्त गर्दछु ।

**(ए) श्री गोबिन्द बहादुर के.सी.**

सानिमा समूह प्रख्यात र उद्देश्यमा सुदृढ समूह हो । कम्पनीको वार्षिक प्रतिवेदन अध्ययन गर्दा यसका सञ्चालक समिति, व्यवस्थापन समिति र कर्मचारीहरूले इमान्दारिताका साथ कार्य गर्नुभएको देखियो । आयोजनाको बीमा गर्दा भरपर्दो बीमा कम्पनीसँग गर्नुहोला । वासलात अध्ययन गर्दा यस वर्ष लाभांश दिन नसक्नुको कारण स्पष्ट देखिएको छ भने आगामी वर्ष लाभांश दिनेमा आशावादी छु । साथै, नियामक निकायका नियमहरुको पालना र आवश्यक कागजातहरु समयमा बुझाइएको सम्बन्धमा अध्यक्षज्यू वा व्यवस्थापन समितिले स्पष्टता प्रदान गर्नुहोला । सबैलाई दिपावली तथा छठ पर्वको शुभकामना व्यक्त गर्दछु ।

Sanima Middle Tamor Hydropower Limited * Kathmandu SMTHPL

**(ऐ) श्री जगन्नाथ आचार्य**

यस वर्ष लाभांशको वितरण गर्न नसकेकोमा दुःख व्यक्त गर्दै कम्पनीको वित्तीय अवस्थाको समीक्षा गर्दा आगामी वर्षमा आकर्षित लाभांश प्रस्ताव आउने प्रवल सम्भावना देखेकोछु । जलविद्युत क्षेत्रमा अनुभवी र विज्ञ व्यक्तिको चयन गरी स्वतन्त्र सञ्चालकको नियुक्ति गरियोस् । आयोजना सञ्चालनका लागि आवश्यक रणनीति अपनाई आयोजनामा हुन सक्ने क्षतिको न्यूनीकरणका लागि आवश्यक बीमा गर्नुहुन तथा कर्मचारीहरूको वृद्धि विकासका लागि आवश्यक तालिमको आयोजना गर्नु हुन अनुरोध गर्दछु । लेखापरीक्षक शुल्क गत वर्ष भन्दा नबढाई लेखापरीक्षक नियुक्तिका लागि अनुरोध गर्दै यस साधारण सभा सव्य र भव्यताका साथ सम्पन्न होस् । जय सानिमा मिडिल तमोर हाईड्रोपावर लिमिटेड ।

**(ओ) श्री इन्द्र कृष्ण श्रेष्ठ**

वित्तीय विवरणको अध्ययन गर्दा कम्पनीले विद्युत उत्पादन वापत रोयल्टी भुक्तानी तथा कर्जा तिर्नु परेकोले शेयरधनीहरुलाई लाभांश वितरण गर्न नसकेको स्पष्ट देखिन्छ । धितोपत्रमा प्रभाव पार्ने कुनै सूचना भए, त्यसबारे स्पष्टता प्रदान गर्न अनुरोध गर्दछु ।

**(औ) श्री निरूपमा गुप्ता**

सभामा प्रस्तुत श्रव्य-दृश्य प्रस्तुतीकरण प्रभावकारी रही, आयोजनास्थल नै भ्रमण गरेको अनुभूती भयो, धन्यवाद । कम्पनीको परफरमेन्स भ्यालु, नेट प्रोफिट प्रशंसनीय छ । यद्यपी, प्रशासनकि खर्च गत वर्षको तुलनामा उच्च देखएिकोले यसको कारण स्पष्ट पारदिनुिहोला र मितव्ययिता अपनाउन अनुरोध गर्दछु । संस्थागत सामाजकि उत्तरदायत्वि अन्तर्गतका कार्यहरु सराहनीय छन् । स्थानीय वीपन्न बालबालीकाको शीक्षामा नीरन्तर लगानी गर्न सुझाव गर्दछु । साथै, आगामी वर्षका योजना, रणनीती र लाभांश नीतीबारे जानकारी गराइदनुिहोला भन्ने अपेक्षा व्यक्त गर्दछु । आगामी वर्ष लाभांश वितरण हुने विश्वासका साथ कम्पनीको निरन्तर प्रगतकिो शुभकामना व्यक्त गर्दछु ।

**(अं) श्री राजकाजी रञ्जित**

कम्पनीद्वारा सभामा प्रस्तुत गरिएको श्रव्य-दृश्य प्रस्तुतीकरणबाट आयोजनासम्बन्धी सम्पूर्ण जानकारी स्पष्टरुपमा प्राप्त भयो । आयोजनास्थल प्रत्यक्ष अवलोकन गर्न इच्छुक लगानीकर्ताहरुका लागि सोको उचित व्यवस्था मिलाइदिनुहुन अनुरोध गर्दछु । कम्पनीको हालसम्मको कार्यसम्पादनमा कुनै नकारात्मक पक्ष देखिएको छैन, र आगामी वर्ष लाभांश वितरण हुनेछ भन्नेमा म पूर्णतः विश्वस्त छु । बैंक ऋण भुक्तानीमा कठिनाइ उत्पन्न भएमा हकप्रद शेयर जारी गर्ने विषयमा विचार गर्न सुझाव गर्दछु । साथै, शेयरधनीहरु र परामर्शदाताहरुबाट प्राप्त सुझावहरुलाई मनन गरी कार्यान्वयन गर्न अनुरोध गर्दछु । यस कम्पनीको उज्ज्वल भविष्य रहोस्, र निकट भविष्यमा यो कम्पनी अझ उत्कृष्ट र सफल उद्यमका रुपमा स्थापित होस् भन्ने हार्दिक शुभकामना व्यक्त गर्दछु ।

**(अः) श्री दिपक प्रधान**

यो वर्ष लाभांश वितरण नगरे पनि आगामी साधारण सभामा न्यूनतम २ अङ्कको प्रतिशतले लाभांश प्रदान गर्ने गरी सभा आव्हान गरिनेछ भन्ने विश्वास व्यक्त गर्दछु । कम्पनीले हकप्रद शेयर निष्काशन गर्दा यसको बजार आकर्षण थप बढ्ने भएकाले सो निष्काशन प्रक्रिया अगाडि बढाउन सुझाव

गर्दछु । साथै, आयोजनाबाट बचेको पानीलाई उपयोगमा ल्याउन क्यास्केड आयोजना निर्माणको सम्भावनामा विचार गर्न अनुरोध गर्दछु । कम्पनीको खाली रहेको जग्गामा सौर्य ऊर्जा उत्पादनका लागि परियोजना प्रारम्भ गर्न र साना तथा व्यावसायिक सम्भावनायुक्त आयोजनामा लगानी विस्तार गर्न समेत अनुरोध गर्दछु ।

शेयरधनी महानुभावहरूबाट मन्तव्यका क्रममा राय, सुझाव र जिज्ञासा राख्ने कार्य पूरा भएपछि शेयरधनीहरूको जिज्ञासाहरूका सम्बन्धमा प्रष्ट पार्दै सम्बन्धित विषयमा सभा अक्ष्यक्षज्यूले निम्नानुसार जवाफ दिनु भयो ।

**श्री विनय कुमार श्रेष्ठ - सञ्चालक/अध्यक्ष**

यस कम्पनी प्रति माया, सद्भाव तथा मार्ग निर्देश व्यक्त गर्नु भएकोमा सबै शेयरधनीहरू प्रति आभार व्यक्त गर्दै शेयरधनीहरूको जिज्ञासाका सम्बन्धमा निम्नानुसार प्रष्ट पार्नु भयो ।

- बैंक कर्जा सम्झौता बमोजिम दुई त्रैमास बराबरको साँवा र व्याज भुक्तानी गर्न करिब अन्ठाउन्न करोड तथा Maintenance Reserve का लागि दश करोड बराबरको नगद जगेडा सञ्चित गर्नुपर्ने व्यवस्था रहेको तथा विविध कारणले गर्दा प्रस्तुत आर्थिक वर्ष २०८१/०८२ का लागि लाभांश दिन सक्ने अवस्था नभएकोले यस वर्ष लाभांश वितरण गर्न नसकेको कुरा यहाँहरूलाई जानकारी गराउन चाहान्छु ।
- वैकल्पिक व्यवस्थाको रूपमा Tower To Tower Inter-Connection Arrangement गरी प्राधिकरणको २२० के.भी. दोश्रो सर्किट मार्फत वसन्तपुर सबस्टेसनमा विद्युत प्रवाह गरिँदै आइएको छ, हालको वैकल्पिक व्यवस्थाको दिर्घकालिन समाधानको लागि ने.वि.प्रा.को अगुवाईमा यस आयोजना तथा ढुङ्गेसाँघु सबस्टेसनमा कनेक्सन हुने आयोजनाहरूको प्रवर्द्धक कम्पनीहरूको समन्वय र ने.वि.प्रा.को पहल तथा सहकार्यमा सबस्टेशन Expansion/विस्तार गर्ने योजना माथिको छलफल सकारात्मक रूपमा अघि बढिरहेको जानकारी गर्दछु ।
- संयुक्त उपक्रममा निर्माण तथा सञ्चालन हुन लागेको आयोजनाको निर्माणका लागि पूँजीको आवश्यकता परेको खण्डमा सोका लागि हकप्रद शेयर निष्काशन गर्ने सकिनेछ ।
- व्यवस्थापन खर्चका विषयमा आयोजना निर्माणधिन अवस्थामा रहेको कारण आयोजनामा कार्यरत निर्माण कर्मचारीहरू, प्राविधिक परामर्शदाताहरूलाई भुक्तानी गर्ने रकम बढी भएकोले खर्च बढेको ।

**श्री सुदिप रोका - महाप्रबन्धक**

यस साधारण सभामा शेयरधनी महानुभावहरूको उपस्थितिका लागि हृदय देखि धन्यवाद दिन चाहन्छु । यहाँहरूले उठाउनु भएका जिज्ञासाहरूका सम्बन्धमा अध्यक्षज्यूले जवाफ दिईसक्नु भएको छ तथापि म थप केहि प्रष्ट पार्न चाहन्छु ।

- नियमन निकायहरूलाई बुझाउनुपर्ने कागजात र सूचनाहरू नियम कानुन बमोजिम इमेल र पत्र मार्फत बुझाई कम्पनीको वेबसाईटमा राखिएको छ ।

छलफल पश्चात् सभामा निम्नानुसारका निर्धारित प्रस्तावहरू पेश भई सभाको सर्वसम्मतिबाट पारित गरियो ।

Sanima Middle Tamor Hydropower Limited SMTHPL Kathmandu

**(४) सभाको निर्णयहरू :**

निर्णयार्थ दशौं वार्षिक साधारण सभामा पेश भएका प्रस्तावहरू सभाबाट निम्नानुसार पारित भए ।

**१. कम्पनीको सञ्चालक समितिबाट प्रस्तुत दशौं वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।**

सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले आ.व. २०८१/०८२ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन तथा सो सम्बन्धी प्रस्ताव साधारण सभामा प्रस्तुत गर्नु भयो । उक्त प्रस्तावलाई सभाद्वारा सर्वसम्मतिले पारित गरियो ।

**२. कम्पनीको आ.व. २०८१/०८२ को लेखापरीक्षण प्रतिवेदन सहित २०८२ आषाढ मसान्तसम्मको वित्तीय अवस्थाको विवरण, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, एवं तत् सम्बन्धी अनुसूचीहरू छलफल गरी पारित गर्ने ।**

कम्पनीको २०८२ साल आषाढ मसान्तसम्मको वित्तीय अवस्थाको विवरण, वार्षिक नाफा नोक्सानको हिसाब, नगद प्रवाहको विवरण एवं तत् सम्बन्धी अनुसूचीहरूका साथै आ.व. २०८१/०८२ को लेखापरीक्षकको प्रतिवेदन साधारण सभाको विषय सूचीसँगै शेयरधनीहरूलाई उपलब्ध गराइएको थियो । उक्त वासलात तथा नाफा नोक्सान हिसाब सहितको आ.व. २०८१/०८२ को वार्षिक आर्थिक विवरण तथा तत् सम्बन्धी अनुसूचीहरू स्वीकृतिको लागि सभा समक्ष प्रस्ताव गरिएकोमा सभाको सर्वसम्मतिबाट उक्त आर्थिक प्रतिवेदनहरू पारित गरियो ।

**३. लेखापरीक्षण समितिले सिफारिस गरे बमोजिम आ.व. २०८२/०८३ को लागि लेखापरीक्षकको नियुक्ति गर्ने तथा पारिश्रमिक निर्धारण गर्ने ।**

कम्पनीको लेखापरीक्षण समितिले आ.व. २०८२/०८३ को कम्पनीको हिसाब किताब लेखापरीक्षण गर्न लेखापरीक्षक संस्था P.L. Shrestha & Co., Chartered Accountants लाई मूल्य अभिवृद्धि कर बाहेक वार्षिक रू. २,३१,०००/-(अक्षरेपी दुई लाख एकतिस हजार मात्र) पारिश्रमिक तोकि पुनः लेखापरीक्षकमा नियुक्तिको लागि सिफारिस गरेकोमा समितिको सिफारिस बमोजिम उल्लिखित संस्थालाई आ.व. २०८२/०८३ को लेखापरीक्षक नियुक्त गर्ने प्रस्ताव सभाको सर्वसम्मतिबाट पारित गरियो ।

**४..एक जना स्वतन्त्र सञ्चालकको नियुक्ति गर्ने ।**

कम्पनीको छैठौं वार्षिक साधारण सभाबाट नियुक्त स्वतन्त्र सञ्चालक श्री ब्रज भुषण चौधरीज्यूको कार्यकाल यसै दशौं वार्षिक साधारण सभासम्म रहेको हुनाले आगामी कार्यकालका लागि स्वतन्त्र सञ्चालकको नियुक्तिका सम्बन्धमा प्रचलित कम्पनी ऐन तथा यस कम्पनीको नियमावली बमोजिम पेश भएका तपसिल बमोजिमका नामहरू मध्ये कम्पनीको व्यवसायिक उद्देश्य, कार्यानुभव, विज्ञता आदिका आधारमा का.म.न.पा. वडा नं. ३१, काठमाण्डौ बस्ने, भूगर्भ शास्त्रमा स्नाताकोत्तर तथा सम्बन्धित विषयमा तीन दशक भन्दा बढीको कार्यअनुभव हासिल गर्नु भएका श्री सुवास चन्द्र

Sanima Middle Tamor Hydropower Limited SMTHPL Kathmandu

सुनुवारज्यूलाई यस कम्पनीको स्वतन्त्र सञ्चालकको पदमा नियुक्तीका लागि सञ्चालक समितिबाट भएको सिफारिस सहितको प्रस्ताव सभाको सर्वसम्मतिबाट पारित गरियो ।

**तपसिल**

| क्र.सं. | नाम | योग्यता | अनुभव |
|---|---|---|---|
| १ | श्री सुवास चन्द्र सुनुवार | भूगर्भ शास्त्रमा स्नातकोत्तर | सम्बन्धित क्षेत्रमा ३१ वर्षको कार्य अनुभव |
| २ | श्री आर्यक रन्जन वराल | चार्टर्ड एकाउन्टेन्ट | सम्बन्धित क्षेत्रमा १७ वर्षको कार्य अनुभव |
| ३ | श्री समिर कुमार उपाध्याय | कानून शास्त्रमा स्नातकोत्तर | सम्बन्धित क्षेत्रमा २४ वर्षको कार्य अनुभव |

**५. विविध**

विविध विषय अन्तर्गत कुनै छलफल तथा निर्णय भएन ।

## (५) धन्यवाद र सभा विसर्जन

सभा अध्यक्षज्यूले यस कम्पनीको दशौं वार्षिक साधारण सभामा सहभागी भई सभालाई सुचारू रूपमा सम्पन्न गर्न, गराउन सहयोग पुऱ्याउनु भएकोमा सम्पूर्ण शेयरधनीहरू, सञ्चालक समितिका सहकर्मी सदस्यहरू, व्यवस्थापन तथा कर्मचारीहरू र कम्पनीको प्रगतिमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहयोग गर्ने अन्य सम्बद्ध सबैलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

अध्यक्षज्यूले शेयरधनीहरूले सञ्चालक समितिप्रति देखाएको विश्वास र सद्भावको निमित्त कृतज्ञता ज्ञापन गर्नु भयो र यस दशौं वार्षिक साधारण सभा विसर्जन भएको घोषणा गर्नु भयो ।

Sanima Middle Tamor Hydropower Limited SMTHPL Kathmandu

.............................
श्री विनय कुमार श्रेष्ठ
सञ्चालक/अध्यक्ष

.............................
बिशाल बन्जारा
कम्पनी सचिव